नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्याः-०७९/८०
चलानी नं.:

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः२०७९।०४।१५
सूचना नं.-०२

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुन्तला सुपरजोन र मसलावाली (अदुवा/वेसार) जोन अन्तर्गतको कार्यक्षेत्रहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत इच्छुक कृषि समूह/कृषि सहकारी संस्था/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् (मिति२०७९।०५।१३ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइको कार्यालय स्याङ्जा वा जोन प्राविधिक एकाइ गल्याङमा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। सूचना कार्यालयको वेबसाइट **http://piusyangja.pmamp.gov.np/** मा र यस कार्यालयको सूचना पाटीमा समेत उपलब्ध छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | १८ | ८५ | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | |
| २ | स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना | १ | ८५ | | |
| ३ | बगैंचा सुदृढिकरण अभियान तथा बाली संरक्षण सेवा कार्यक्रम | ५०० हे. | ५० | | निलोतुथो,चुन,खनिज तेल,कपर सुपर स्टिम पेष्ट, जैविक विषादी आदि। |
| ४ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान कार्यक्रम | २ | (५०-८५) (क्रियाकलाप अनुसार) | | जिल्लाभरका कृषि विषय अध्यापन गराउने प्राविधिक शिक्षालयहरु आवेदन दिन सकिने। |
| ५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | १ | ५० | | |
| ६ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | ३ | ८५ | | आवेदकको आफ्नै स्वामित्वमा भएको जग्गामा कार्यक्रम सञ्चालन गर्नेलाई प्राथमिकता दिइने। |
| ७ | चक्लाबन्दी कार्यक्रम | ५ | (५०-८५) (क्रियाकलाप अनुसार) | | जिल्लाभरबाट आवेदन पेश गर्न सकिने। |
| ८ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण | १० | ५० | | |
| ९ | प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण कार्यक्रम | १ | (५०-८५) (क्रियाकलाप अनुसार) | | भर्याङ्ग, प्लास्टिक क्रेट, डिजिटल तराजु, क्लिपर,पेपर कार्टन, उपचार सामाग्री आदि। |
| १० | स्थानीय तहसँगको समन्वयमा नमूना सुन्तलाजात फलफूल बगैंचा स्थापना प्रदर्शन कार्यक्रम | १ | (५०-८५) (क्रियाकलाप अनुसार) | | कम्तिमा ५ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। |
| ११ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (सुन्तला) | ५० हे. | ५० | | सुन्तला बगैंचा स्थापना एवं क्षेत्र विस्तार (कलमी/विजु विरुवा) |
| १२ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अदुवा/वेसार) | १०० हे. | ५० | | अदुवा/वेसार बालीको क्षेत्र विस्तार |

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रको लागी कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकरण"

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्याः-०७९/८०
चलानी नं.:

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

आवश्यक कागजातहरुः

१) कार्यक्रममा सहभागी गराईदिनुहुन भन्ने ढाँचामा निवेदन । निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

२) परियोजनाद्वारा निर्दिष्ट गरेको ढाँचामा पूर्ण रुपमा भरिएको प्रस्ताव फाराम ।

३) समूह/सहकारी/समितिहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि ।

४) सम्बन्धित सरकारी निकायमा नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. को कर तिरेको रसिद वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि । (समूह/सहकारी/समिति/प्राविधिक शिक्षालयको हकमा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन ।)

५) प्राविधिक शिक्षालयको हकमा विद्यालय व्यवस्थापन समितिको बैठक निर्णयको प्रतिलिपि ।

६) स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र र भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना गरिने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात (लालपुर्जा) को प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको जग्गा करार सम्झौतानामा पत्रको प्रतिलिपि ।

७) स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण, प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम र चक्लाबन्दी सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात (लालपुर्जा) वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको जग्गा करार सम्झौतानामा पत्रको प्रतिलिपि ।

८) साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम, प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान कार्यक्रम, भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना, चक्लाबन्दी कार्यक्रम, स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण र स्थानीय तहसँगको समन्वयमा नमूना सुन्तलाजात फलफूल बगैंचा स्थापना प्रदर्शन कार्यक्रमहरुको लागि सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

९) स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना कार्यक्रमको लागि सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको लागत साझेदारीको सूनिश्चितताको व्यहोरा लेखिएको सिफारिस पत्र ।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रको लागी कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकरण"